# बुढीगंगा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
हात्तिमुढा, मोरङ
प्रदेश नं. १, नेपाल

# मर्मत सम्भार कोष
# संचालन निर्देशिका २०७७

# मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७७

प्रस्तावना

बुढीगंगा गाउंपालिकाद्वारा संचालन गरिने विभिन्न पुर्वाधार विकास सम्बन्धी कार्यहरुलाई नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो पुर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले जनसहभागिता मुलक भौतिक पुर्वाधार विकासका कार्यहरुमा उपभोक्ताहरुको नियमित सहभागितාद्वारा भौतिक पुर्वाधार विकासमा स्थानीय बासिन्दाहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन तथा गाउंपालिकाबाट सञ्चालन गरिने पुर्वाधार विकास कार्यक्रमहरुलाई अझ बढी गुणस्तरीय, मितव्ययी, पारदर्शी तथा दिगो रुपमा व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी बुढीगंगा गाउंपालिकाको मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०७७ तयार गरी कार्यपालिकाको मिति २०७७।०५।२९को बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्ररम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७७ रहेको छ ।

(ख) यो निर्देशिका बुढीगंगा गाउाकार्यपालिकाको वैठकवाट स्वीकृत भएपछि तुरून्त लागु हुनेछ ।

**२.परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) “निर्देशिका” भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७७ सम्झनु पर्छ ।

(ख) “सभा” भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गठन भएको गाउंसभा सम्झनुपर्नेछ ।

(ग) “गाउंपालिका” भन्नाले बुढीगंगा गाउपालिकालाई सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले पालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले गाउंपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “सचिव” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ज) “कोष” भन्नाले मर्मत सम्भार कोषलाई सम्झनु पर्दछ ।

(झ) “सडक बोर्ड ” भन्नाले सडक बोर्ड नेपाललाई सम्झनु पर्दछ ।

(ञ) “आयोजना” भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि गाउँपालिकाले तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(ट) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ठ) “सार्वजनिक संरचना” भन्नाले सडक, बाटो तथा सडकमा रहेका कलभर्ट, नाला, बांध, पैनी, कुलो पुल पुलेसा, ताल, तलैया, सिमसार, पोखरी, पार्क, बगैंचा, भ्यूटावर,मसानघाट,कव्रस्थान,सार्वजनिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना आदिलाई सम्झनु पर्दछ ।

(ड) “विपद” भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपदीपूर्ण सम्झनु पर्छ र सो शब्दले कुनैपनि ठाउँमा विपदि पूर्ण अवस्था सिर्जना भई धनजनको क्षतीको साथै जिवन यापनमा प्रतिकूल असर परी वा पारी विपद् बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यक्ता पर्ने दुखद तथा कष्टपूर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद् र जलवायू परिवर्तनबाट हुनसक्ने विपत्ती पूर्ण अवस्थालाई समेत सम्झनु पर्दछ ।

(ढ) “विकास साझेदार” भन्नाले नेपाल सरकार वा गाउँपालिकासंग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरुलाई सम्झनु पर्दछ ।

(ण) “भुक्तानी रकम” भन्नाले गाउंपालिका आफैले वा नेपाल सरकारका अन्य निकायहरूसंग वा विकास साझेदारसंग वा उपभोक्ता समिति वा सामुदायिक संस्थासंग लागत सहभागितामा निर्माण भएका पूर्वाधार विकासका कार्यसंग सम्वन्धित पक्षलाई गाउंपालिकावाट दिईने भुक्तानी रकमलाई जनाउंदछ ।

# परिच्छेद २

## कोष व्यवस्थापन तथा परिचालन

**३. कोष व्यवस्थापन तथा परिचालन समिति**

(क) मर्मत संभार कोषलाई मितव्ययी, दिगो एवं प्रभावकारी तवरले व्यवस्थापन तथा संचालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन समिति रहने छ :

| | |
|---|---|
| १. गाउंपालिका अध्यक्ष | संयोजक |
| २. गाउंपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. अध्यक्षले तोकेको गाउं कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य |
| ५. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ६ प्राविधिक शाखा प्रमुख | सदस्य |
| ७ योजना शाखा प्रमुख | सदस्य सचिव |

(ख) समितिको वैठक कम्तिमा तीन महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि वैटक वस्न सक्नेछ ।

(ग) समितिले प्रचलित कानूनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(घ) यस समितिका सदस्यहरूको वैठक भत्ता गाउंकार्यपालिकाका सदस्य सरह हुनेछ ।

(ङ) वैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिने छ ।

**४. व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य र अधिकार**

व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य र अधिकार निम्नानुसारको हुनेछ :

१. गाउापालिका क्षेत्रभित्र रहेका सार्वजनिक संरचनाको मर्मतको लागि प्राथमिकता तोकी मर्मत सम्भारको लागि एकिकृत गाउास्तरीय वार्षिक सडक मर्मत योजना बनाउने ।

२) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागी स्रोत, साधनको पहिचान तथा व्यवस्थापन गर्ने ।

३) मर्मत संभार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउने उपायहरूको खोजी गर्ने ।

४) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एवं जनसहभागिता अभिवृद्धि गर्ने किसिमले कार्य योजना वनाउने ।

५) सडक बोर्ड नेपालबाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानून बमोजिम हुने गरी सडक योजना छनौट गर्ने।

६) विपद्बाट भएको योजनाको क्षति यकिन गरी तत्काल गर्नुपर्ने काम, गर्न सकिने उपायहरू र साझेदार निकायहरूको पहिचान गरी गाउं कार्यपालिकामा पेश गर्ने ।

(७) आपत्कालीन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउंपालिकालाई आवश्यक सहयोग गर्ने ।

(८) मर्मत संभार सम्वन्धि कार्यको अनुगमन तथा निरीक्षण गरी गाउंपालिकालाई सल्लाह सुझाव दिने ।

(९) मर्मत गर्नुपर्ने सडक लगायतका सार्वजनिक संरचनाको लगत अद्यावधिक गरी विकास साझेदारसंग समन्वय र साझेदारीका लागि पहल गर्ने ।

(१०) आयोजनाहरूबाट सेवा प्राप्त गर्ने लाभग्राहीहरूबाट सेवा शुल्क संकलन गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजीकरण गर्ने ।

# परिच्छेद ३

## मर्मत सम्भार कोष

**५. मर्मत सम्भार कोष व्यवस्थापन** : गाउंपालिका मर्मत संभार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिने छ । कोषको अलग्गै बैक खाता हुनेछ । कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छ :

१) नेपाल सरकारवाट मर्मत संभार कोषमा प्राप्त हुने रकम,

२) प्रदेश सरकारबाट मर्मत संभार कोषका लागि प्राप्त हुने रकम,

२) स्थानीय सरकारबाट मर्मत संभारको लागि विनियोजित रकम,

३) स्थानीय सरकारबाट पूर्वाधार संरचनाको भुक्तानीमा निम्नानुसार मर्मत सम्भारका लागि कट्टा हुने रकम :

(क) उपभोक्ता समितिद्वारा संचालित हुने भौतिक पुर्वाधार आयोजनाहरूको हकमा कुल कार्यसम्पादन रकमको ३ (तीन) प्रतिशत रकम

(ख) ठेक्काद्धारा संचालित आयोजनाको हकमा लागत अनुमानमा मर्मत सम्भार कोषका लागि उल्लेख भए बमोजिमको रकम ।

४) उपभोक्ता समिति, विकास साझेदार एवं अन्य निकायबाट मर्मत संभारको लागि उपलब्ध हुने रकम,

५) सडकबोर्ड नेपालबाट गाउंपालिकाको लागि प्राप्त हुने रकम,

६) अन्य निकायहरूवाट मर्मत संभार कोषमा जम्मा हुने गरी प्राप्त रकम ।

६. **कोष संचालन :** यो कोषको सङ्चालन देहाय बमोजिम हुनेछ ।

क) कोषको नाममा प्राप्त हुन आएको रकम बुढीगंगा गाउंपालिकाको मर्मत सम्भार कोषको बैक खाताबाट संचालित हुनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतवाट सचालन हुनेछ ।

ग) कोषको आन्तरीक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**७. कोषबाट खर्च गरिने क्षेत्रहरू :** मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भारका क्षेत्रमा मात्र खर्च गरिने छ :

१) सडकको नियमित मर्मत सम्भारमा देहायका विषयहरू समावेश हुनेछन :

क) सडक किनाराको ढल तथा नालीमा मर्मत तथा सफाई गर्ने ।

ख) पक्का,कच्ची तथा ग्राभेल सडकमा भएका ससाना खाल्डाहरू पर्ने र सडकमा झरेका माटो तथा ढुंगाहरू हटाउने ।

ग) नाली र सडक नजिकैको घांस तथा रूखको हांगा काटने ।

घ) सामान्य खालको पहिरो तथा भूस्खलन हटाउने ।

ड) पुल तथा कलभर्टको मर्मत तथा सफाई गर्ने ।

(च) शहरी सौन्दर्य अभिवृद्धि गर्ने अन्य सार्वजनिक संरचना मर्मत गर्ने ।

(छ) सडकबोर्ड नेपालसंगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धी कार्यहरू ।

ज) सडकमा सोईलिङ गर्ने, सार्वजनिक संरचनाहरूको मर्मत संभार गर्ने,

२) सडकको पटके मर्मत सम्भारमा देहायका विषयहरू समावेश हुनेछन :

क) कच्ची सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डो पुर्ने

ख) सडक सतहको खाल्डो पुर्ने र सडक किनारा मिलाउने कार्य गर्ने

ग) क्याम्वर मिलाउने ।

घ) ग्राभेल सडकको मर्मत गर्ने । कच्ची नालीको मर्मत गर्ने ।

ङ) कल्भर्ट पुलको प्यारापिट वाल, रेलिग, रिटेनिग वाल आदि मर्मत गर्ने ।

च) वायो इन्जिनियरिंग गर्ने ।

छ) नदी तथा ताल तलैया संरक्षण गर्ने गराउने ।

ज) ढलको कभर वदल्ने एवं मर्मत गर्ने ।

झ) ठूलो पहिरो र भूस्खलन हटाउने तथा मिलाउने ।

ञ) कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेन्ट एज मर्मत गर्ने र सामान्य टुटफुट मर्मत गर्ने ।

४) आकस्मिक मर्मत सम्भार ।

क) विपद्बाट भएको सडक संरचनाको क्षतिको मर्मत सम्भार गर्ने र चवन आदिको भग्नावशेष व्यवस्थापन गर्ने ।

५) अन्य मर्मत सम्भार

क) गाउंपालिकाको आन्तरिक पुजींगत संरचनाको संचालन तह सम्मको सामान्य मर्मत

ख) गाउंपालिका मातहतका सार्वजनिक संरचनाहरूको संचालन तहसम्मको सामान्य मर्मत ।

# परिच्छेद ४

## मर्मत संभारको लागि छनौट सम्वन्धी व्यवस्था

**८. मर्मत सम्भारको लागी सार्वजनिक संरचनाको छनौटः** अद्यावधिक अभिलेख र उपभोक्ताबाट मर्मत सम्भारका लागि गाउा स्तरीय बार्षिक मर्मत सम्भार योजनामा समावेश गर्न भनी माग भई आएका आयोजनाहरू मध्ये छनौट गर्दा देहायका आधारमा सवभन्दा वढी आवश्यक र उपयुक्त देखिएको आयोजनालाई पहिलो प्राथमिकता दिने गरी देहाय बमोजिम छनौट गरिनेछ :

क) गाउा यातायात गूरू योजनामा परेका सडकहरू,

ख) गाउापालिकाले तोकेको मापदण्डमा परेका सडकहरू,

ग) तत्कालै मर्मत कार्य नगर्दा ठूलो जनधनको क्षति हुने संरचनाहरू,

घ) गरिब, विपन्न र सीमान्तीकृत समुदायको पहुंच स्थापित गर्न सहयोग पुर्‍याउने सडक संरचनाहरू,

(ङ) बालबालिका तथा अपांगता भएका व्यक्तिहरूलाई मूल प्रवाहमा प्रवाहीकरण गर्न सहयोग पुग्ने सडक संरचनाहरू,

(च) गांउ र शहरको अन्तरसम्बन्धलाई जोडने पूर्वाधार संरचनाहरू

(छ) वातावरणमैत्री गाउा निर्माणको प्रर्वद्धनको लागि सहयोग पुग्ने पूर्वाधार संरचनाहरू ।

**९. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

मर्मत संभार कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ एवं प्रचलित कानून र अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पुरा गरी गर्नुपर्ने छ । सार्वजनिक संरचनाको मर्मत सम्भार कार्यमा जनसहभागिता प्रर्वद्धनलाई उच्च प्राथमिकता दिईने छ ।

# परिच्छेद ५
## विविध

**१०. खारेजि र बचाउ :** मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाउं कार्यपालिकाबाट हुनेछ ।

**११.बाधा अड्काउ फुकाउने :** यो निर्देशिकामा उल्लेख भएको कुराहरूको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून वा स्थानीय सरकार सन्चालन ऐन २०७४ अनुसार हुनेछ ।

**१२.अमान्य हुने :** यस निर्देशिकामा लेखिएका कुराहरू प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय र अमान्य हुनेछन् ।